# लागू औषध अपराध निषेध र मदिरा नियन्त्रण एवम् नियमन कार्ययोजना - २०७६

**तयार गर्ने**

**जिल्ला प्रशासन कार्यालय**

**पर्वत**

## लागू औषध अपराध निषेध र मदिरा नियन्त्रण एवं नियमन कार्ययोजना २०७६
## पर्वत

### पृष्ठभूमी

नेपाली समाजमा लागू औषध अपराध र मदिरा सेवन गम्भीर समस्याको रुपमा देखापरेको छ । मदिरा, सुर्तिजन्य पदार्थ, गाँजा चरेसको प्रयोग पनि दिनानुदिन बढिरहेको छ भने हेरोइन, अफिम जस्ता थुप्रै लागू पदार्थहरुको ओसारपसार र दुर्व्यसनको समस्या विकराल बनिरहेको अवस्था छ । नेपाललमा प्रयोग हुने लागू औषधमा सेतो/खैरो हेरोइन, कोकिन, गाँजा, चरेश, तथा औषधीजन्य मनोद्धिपक पदार्थहरु प्रमुख रहेका छन् । लागू औषधको दुर्व्यसनको लतमा फसेका महिला तथा पुरुषले पारिवारिक तथा सामाजिक रुपमा अपमानित/बहिष्कारको सामना गर्नुपर्ने भएकोले यस विषयमा कसैलाई जानकारी गराउँदैनन् । अधिकांश महिला लागूऔषध प्रयोगकर्ता त आफ्नो लतलाई निरन्तरता दिन देह व्यापार र लागू औषधको ओसारपसारलाई आफ्नो आय आर्जनको माध्यम बनाएको समेत पाइन्छ । त्यसैले पुरुष/महिला लागू औषध प्रयोगकर्ता यौनकर्मीहरुमा एच.आई.भी. सक्रमण उल्लेखनीय रुपमा बढिरहेको विभिन्न अध्ययनहरुले देखाएका छन् । उपचार र पुर्नस्थापना लगायतका सेवाहरु नगण्य रुपमा उपयोग गर्ने गरेकोले उनीहरुको विषयमा पर्याप्त सूचना र जानकारी प्राप्त गर्नमा कठिनाई देखिएको छ ।

देशमा उपलब्ध जनशक्ति लागू औषध र मदिराजन्य दुर्व्यसनको चपेटामा पर्न गई समग्र देशको उन्नती, प्रगति एवं समृद्धिमा समेत नकरात्मक अवस्था सृजना भएको छ जसबाट घरझगडा सामाजिक अपराधहरु र भष्ट्राचार बढ्दै जानुमा लागू पदार्थ, सुर्तिजन्य र मदिराजन्य पदार्थको प्रयोग नै मूख्य कारणको रुपमा रहेको पाइन्छ । लागू औषध दुर्व्यसनहरुको संख्या बृद्धि हुँदै गइरहेको छ । धुम्रपान, मध्यपान, सूर्तिसेवन तथा लागूपदार्थको दुर्व्यसनसँगै मदिरा उत्पादन, उपभोग र विक्रि वितरणले समाजलाई अन्धकारतर्फ धकेलिरहेको महसुश गर्न सकिन्छ ।

यस जिल्लामा पटक पटक लागू औषध ओसार पसारमा संलग्न तथा सेवनकर्ताहरु पक्राउ परी कानूनी कारवाहीमा पर्दै आईरहेका छन । छिमेकी जिल्लाहरुबाट ओसारपसारको अतिरिक्त अवैध रुपमा ओसारपसार हुनसक्ने संभावना रहेको छ । लागू औषध र मदिराको प्रयोगबाट अपराधका घटनाहरु भएको छ । मदिराजन्य सामाग्रीको प्रयोगको अवस्था समेत दिनानुदिन बढ्दै गइरहेको र त्यसले समग्र शान्ति सुरक्षा र सुव्यवस्थामा समेत प्रतिकुल असर पारेको छ भने अर्को तिर ठूलो जनशक्ति ह्रास भएको छ । त्यस्ता विषयहरुलाई निषेध, नियन्त्रण तथा नियमन गर्ने उद्देश्यले सरोकारवालाहरुसँगको छलफल समेतको आधारमा **"लागू औषध अपराध निषेध र मदिरा नियन्त्रण एवं नियमन प्रारम्भिक कार्ययोजना, २०७६, पर्वत"** तर्जुमा गरिएको छ ।

**लक्ष्य : समाजमा हिंसा, अपराध र अशान्ति निम्तिन सक्ने तत्वहरुको पहिचान गरी सु-संस्कृत सभ्य, समृद्ध समाजको निर्माण गर्ने ।**

### उद्देश्य :

- अनुशासन र मर्यादापूर्ण समाज निर्माणमा सहयोग गर्ने नागरिकहरुलाई सकारात्मक र विकासात्मक कार्यमा संलग्न गराउने ।
- अवैध रुपमा उत्पादन हुने मदिरा नियन्त्रण गर्नुका साथै, मदिरा बेचविखनका लागि समयावधि किटान गरि अनुगमनको व्यवस्था मिलाउने
- समाजमा घट्ने अपराध नियन्त्रण गर्ने ।
- मदिरा तथा लागू औषधका कारण निम्तिने अन्य समस्याहरुलाई निराकरण गर्ने ।
- लागु औषध, मदिरा नियन्त्रणका लागि स्कुल तथा क्याम्पस, नागरिक समाज, उपभोक्त हित संरक्षणसँग सम्बद्ध निकाय एवं समग्र सरोकारवाला निकायहरुलाई सक्रिय तुल्याउने ।
- दुर्व्यसनी पहिचान तथा उद्धार
- लागुऔषधको असर सम्बन्धमा सचेतना अभिवृद्धि गरि लागुऔषध दुर्व्यसनीहरुलाई कानुनी दायरामा ल्याउने ।

# लागू औषध निषेध/मदिरा नियन्त्रण र नियमनको लागि कार्य योजना

| क.सं | क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी | जोखिम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला भर | गाँजा चरेस एवं अफिमको प्राकृतिक उत्पादन तथा त्यस्ता बस्तुहरुको अवैध खेती हुने स्थानहरुको पहिचान गरी त्यसको विस्तारित इलाका र औसत बार्षिक उत्पादनबारे आधारभूत तथ्यांक संकलन गर्ने | -जिल्ला प्रहरी कार्यालय<br>-सशस्त्र प्रहरी बल<br>-स्थानीय तह<br>-रा.अ.जिल्ला कार्यालय | जिल्ला प्रशासन कार्यालय | १ महिना भित्र (जेठ महिना भित्र) | अवैध खेती सम्बन्धी सवै विवरण संकलन भएको हुने | | |
| २ | जिल्ला भर | लागू औषधको ओसार पसार तथा अवैध खेतीलाई निरुत्साहित गर्ने चेतनामूलक जागरण कार्यक्रमहरु सञ्चालन गर्ने । | -जिल्ला प्रशासन कार्यालय<br>-जिल्ला प्रहरी कार्यालय<br>-स्थानीय तहहरु | सशस्त्र प्रहरी बल लागू औषधको क्षेत्रमा काम गर्ने NGOs/INGOs | असार मसान्त सम्म र निरन्तर | लागू औषध र यससँग सम्बधित कानूनी प्रावधान बारेमा जानकारी प्राप्त भै लागू औषध विरोधी समाज निर्माण भएको हुनेछ | | स्थानीय तहका सबै वडाहरुमा |
| ३. | जिल्ला भर | पर्चा, पम्पलेट, व्यानर तथा स्थानीय पत्रपत्रिका मार्फत अभियानको प्रचारप्रसार गर्ने | -स्थानीय तहहरु<br>-जिल्ला प्रहरी कार्यालय<br>-सशस्त्र प्रहरी | NGOs/INGOs, सञ्चारमाध्यमहरु | २०७५ असार महिनाभर<br><br>निरन्तर | पालिकाहरुको वडा तह र विद्यालय, युवा क्लव, आमासमूह हरुको सहयोगमा समुदायस्तर सम्म<br>लागू औषध विरुद्धका पर्चा पम्पलेट जस्ता सामाग्री पुगी चेतनास्तर बृद्धि भएको हुने | | |
| ४ | जिल्ला भर | सरकारी निकाय, समुदाय र सरोकारवालाहरुको संयुक्त प्रयासबाट प्राकृतिक रुपमा उम्रिने लागू औषध नष्ट गर्ने | -जिल्ला प्रहरी कार्यालय<br>-स्थानीय तहहरु | स्थानीय समुदाय, युवा क्लबहरु | २०७५ असार महिनाभर<br><br>निरन्तर | प्राकृतिक रुपमा उम्रिएका पर्वत जिल्लाभरका लागूऔषधको रुपमा प्रयोग हुने विरुवा नष्ट भइसकेका हुने | | |
| ५ | सबै न.पा /गा.पा | लागू औषधको अवैध खेती, उत्पादन, ओसारपसार र वेचविखन जस्ता क्रियाकलापकहरुको नियन्त्रणमा सघाउ पुऱ्याउन सवै स्थानीय तहमा दवाव समूह गठन गर्ने । | -स्थानीय तहहरु<br>-जिल्ला प्रहरी कार्यालय | गै.स.स. , विद्यालयका शिक्षकहरु, आमा समूह, युवा क्लबहरु | जेठ महिनाभित्र | स्थानीय तह, विद्यालयका शिक्षक, प्रहरी, स्थानीय युवा क्लवहरुको सहयोगमा दवाव समूहहरु गठन भइसकेको हुनेछन | | |

| क्र.सं | क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी | जोखिम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| ६ | जिल्ला भर | उपर्युक्त क्रियाकलापको अनुगमन गर्न संयन्त्र तयार गर्ने | -जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, गै.स.स. | जेठको १५ गतेभित्र | जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा सरोकारवालाहरुको संलग्नतामा अनुगमन समिति गठन भै कार्य सूचारु गरेको हुने | | |
| ७ | जिल्ला भर | लागू औषध विरुद्धको जनचेतना जगाउन आम संचारमाध्यमका सञ्चारकर्मीलाई अभिमूखिकरण गर्ने | -जिल्ला प्रहरी कार्यालय | पत्रकार महासंघ गै.स.स. महासंघ | जेठ १५ गतेसम्ममा | जिल्लाभित्र क्रियाशिल पत्रकारहरु /सञ्चारमाध्यमहरु लागू औषध विरुद्धका क्रियाकलापहरुका बारेमा सूचना सम्प्रेषण गरिरहेका हुने | | |
| ८ | जिल्ला भर | लागू औषध विरुद्धका चेतनामूलक सामाग्री प्रचार प्रसार गर्ने | -पत्रकार महासंघ<br>-गैसस संस्थाहरु | जिल्ला प्रहरी कार्यालय, स्थानीय तहहरु | २०७५ साल भरी | उक्त अवधिमा समग्र जिल्ला लागुऔषध विरुद्धको सचेतना अभिवृद्धि भएको हुने | | |
| ९ | जिल्ला भर | लागू औषध सम्बन्धी चेतनामुलक सामाग्री उत्पादन गर्न विभिन्न व्यक्ति तथा संस्थालाई प्रोत्साहन तथा सहयोग गर्ने | -जिल्ला प्रशासन कार्यालय,<br>-जिल्ला प्रहरी कार्यालय, | गै.स.स. महासंघ गै.स.स.हरु | २०७५ असार सम्म त्यसपछि निरन्तर | लागू औषध सम्बन्धी चेतनामुलक सामाग्री उत्पादन गर्न विभिन्न व्यक्ति तथा संस्था उत्प्रेरित भएको हुने | | |
| १० | जिल्ला भर | लागू औषध विरुद्धको अभियानमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कृत /प्रोत्साहित गर्ने | -जिल्ला प्रशासन कार्यालय पर्वत | | | | | |
| ११ | जिल्ला भर | लागू औषध दुर्व्यसनीहरुलाई पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्था मिलाउने लागुऔषध प्रयोगकर्ताहरुबाट लागू औषध कारोवारीहरुको विवरण पत्ता लगाउन अभियान संचालन गर्ने | -यस सम्बन्धी निर्देशिका २०६८ बमोजिमको समिति | | असार मसान्त सम्म | | कारोवारीले दिन सक्ने धम्की आदिको कारण लागू औषध प्रयोग कर्ताले सूचना दिन इन्कार गर्न सक्ने | |
| १२ | जिल्ला भर | सूचना संयन्त्रको प्रयोग गरी लागू औषध विक्रेताको संजाल उपर कानूनी कारवाही गर्ने | जिल्ला प्रहरी कार्यालय | सशस्त्र प्रहरी बल रा.अ.जिल्ला कार्यालय | श्रावण महिनाभित्र र निरन्तर | पक्राउ परेका लागू औषध प्रयोगकर्ता, साधा पोशाकका सुरक्षाकर्मी र राष्ट्रिय अनुसन्धानका जनशक्तिबाट सूचना संकलन भै लागू औषध | लागू औषध प्रयोगकर्ता र भरियाहरुलाई | |

| क्र.सं | क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलव्धी | जोखिम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कारोवारीहरु पक्राउ परेका हुने | | |
| १३ | | छिमेकी जिल्लाबाट भित्रिने लागू औषध नियन्त्रण तथा जिल्ला बाहिर गई सेवन गरी फर्किनेहरुको नियन्त्रणको लागि लागू औषध नियन्त्रणको चेकिङ व्यानर सहित बस्ने व्यवस्था मिलाउने | -जिल्ला प्रहरी कार्यालय पर्वत | सशस्त्र प्रहरी बल | निरन्तर | चेकिङ भै पकाउ पर्ने डरले जिल्ला बाहिर गै सेवन गरी आउने घटेको हुने , लागू औषध कारोवारीले छिमेकी जिल्ला प्रयोग गरी लागू पदार्थ यस जिल्ला प्रवेश गराउन नसक्ने अवस्था भएको हुनेछ । | खुला सीमाना भएकोले सीमा नाका भन्दा अन्यत्रबाट ओसार पसार हुनसक्ने | |
| १४ | | तालिम प्राप्त कुकुर सहितको चेकिङ गर्ने व्यवस्था मिलाउने | -जिल्ला प्रहरी कार्यालय पर्वत | -सशस्त्र प्रहरी बल | प्रत्येक हप्ता | लागू औषध सेवनकर्ता र लागू औषध कारोवारको मात्रा न्यून हुँदै गएको हुने । | | |
| १५ | | लागू औषधको कारोवार र प्रयोग हुने विशेष स्थानहरु पहिचान गरी विशेष अभियान सञ्चालन गर्ने त्यस्ता क्षेत्रहरुमा सचेततनामूलक क्रियाकलापहरु संचालन गर्ने | -जिल्ला प्रहरी कार्यालय र मातहतका इकाइ, | जिल्ला प्रशासन कार्यालय स्थानीय तहहरु | पाक्षिक रुपमा | सचेतनामुलक क्रियाकलाप सञ्चालन भई साविक भन्दा सुधार भएको हुने | | |
| १६ | | स्वास्थ्य उपचारमा प्रयोग हुने लागू तथा मनोद्दिपक औषधीहरु ( Narcotic and Psychotropic Medicines) को उत्पादन, आयात, ओसारपसार र विक्रि वितरणमा समन्वय,प्रभावकारी अनुगम र निरिक्षण | - जिल्ला जनस्वास्थ्य कार्यालय | संयुक्त बजार अनुगमन समिति, जिल्ला प्रहरी कार्यालय, सञ्चारकर्मी | निरन्तर | त्यस्ता प्रकारका औषधी विक्रि गरेका व्यक्तिहरुले डाक्टरको प्रेस्क्रिप्सनको आधारमा मात्र विक्रि, त्यस्ता सामान किन्ने व्यक्तिको परिचय खुल्ने रेकर्ड व्यवस्थित, त्यस्ता औषधीको छुट्टै अभिलेख तयार गरी विमारीले मात्रै प्रयोग गरेको सुनिश्चित आधार तयार भएको हुनेछ । | | |
| १७ | | लागू औषध प्रयोगकर्ताहरुलाई गुणस्तरिय उपचार र पुर्नस्थापनाको लागि सहयोग पुर्‍याउने/सोको लागि लागू औषध पुर्नस्थापना केन्द्रलाई प्रोत्साहित गर्ने | -जिल्ला प्रशासन कार्यालय<br>-जिल्ला प्रहरी कार्यालय | | आवश्यकता अनुसार निरन्तर | लागू औषध प्रयोगकर्ताहरु आवश्यकता अनुसार पुर्नस्थापना केन्द्रमा भर्ना भई परामर्श सेवा र उपचार प्राप्त गरेका हुने | | |

| क्र.सं | क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलव्धी | जोखिम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १८ | | मठ मन्दिर, सिनेमाहल, हस्पिटल, बसपार्क, प्रतिक्षालय लगायतका लागू औषधको कारोवार हुनसक्ने स्थानहरुमा सादा पोशाकमा सुरक्षाकर्मीको निगरानी को व्यवस्था गर्ने ।<br>लागू औषध दुर्व्यसन विरुद्ध काम गर्ने निकायहरुवीच समन्वय गरी सूचना संकलन गर्ने | | | | | | |
| १९ | | समुदायको सचेतिकरणको लागि श्रव्य, दृश्य सडक नाटक आयोजन गर्ने<br>किशोर किशोरीहरुलाई लक्षित गरी विद्यालय सचेतना कार्यक्रम संचालन गर्ने | -जिल्ला प्रशासन कार्यालय शिक्षा विकास तथा समन्वय इकाइ<br>-स्थानीय तहहरु | जिल्ला प्रहरी कार्यालय पर्वत | पाक्षिक रुपमा स्थानीय तहका सामाजिक विकास शाखा शिक्षा समितिसंगको समन्वयमा | कक्षा ९ देखी १२ सम्म अध्ययन गर्नै अधिकांश किशोर किशोरीहरु सचेत भएको हुने । | | |
| २० | | पक्राउ परेका लागू औषध सेवनकर्ता र पुर्नस्थापना केन्द्रमा उपचाररत व्यक्तिहरुवाट सूचना संकलन गरी निजहरुको सञ्जाल खोजी गरी मुख्य कारोवारी /नाइके सम्म पुग्न अभियान संचालन गर्ने | -जिल्ला प्रहरी कार्यालय | | निरन्तर | लागू औषध कारोवारीहरु पक्राउ परी कानूनी कारवाहीको दायरामा आएका हुनेछन । | | |
| २१ | | छिमेकी जिल्लाका समकक्षीसँग समन्वय बैठक गर्ने । | -जिल्ला प्रशासन कार्यालय<br>-जिल्ला प्रहरी कार्यालय<br>-सशस्त्र प्रहरी बल नेपाल | | त्रैमासिक रुपमा<br><br>अनौपचारिक रुपमा समन्वय निरन्तर | -छिमेकी जिल्लाका समकक्षीसँग नियमित बैठक सम्पन्न भै लागू पदार्थ निषेध तथा कारोवारी पक्राउ गर्न सहयोग पुगेको हुनेछ | | |

## मदिरा नियन्त्रण र नियमन कार्ययोजना-२०७६

| क्र.सं | क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी | जोखिम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला भर | मदिराजन्य वस्तु उत्पादन तथा त्यस्ता बस्तुहरुको अवैध बिक्रीवितरण हुने स्थानहरुको पहिचान गरी त्यसको विस्तारित इलाका र औसत बार्षिक उत्पादनबारे आधारभूत तथ्यांक संकलन गर्ने | -जिल्ला प्रहरी कार्यालय<br>-सशस्त्र प्रहरी बल<br>-स्थानीय तह<br>-रा.अ.वि. जिल्ला कार्यालय | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | २०७५ जेष्ठ १५ गते सम्म | मदिराजन्य वस्तु उत्पादन तथा त्यस्ता बस्तुहरुको अवैध बिक्रीवितरण सम्बन्धी सवै विवरण संकलन भएको हुने | | |
| २ | जिल्ला भर | मदिराजन्य वस्तु उत्पादन तथा त्यस्ता बस्तुहरुको अवैध बिक्रीवितरण निरुत्साहित गर्न चेतनामूलक जागरण कार्यक्रमहरु सञ्चालन गर्ने । | -जिल्ला प्रशासन कार्यालय<br>-जिल्ला प्रहरी कार्यालय<br>-स्थानीय तहहरु<br>-वडाअध्यक्षहरु | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | २०७५ जेठ मसान्त सम्म र निरन्तर | मदिराजन्य वस्तु उत्पादन तथा त्यस्ता बस्तुहरुको अवैध बिक्रीवितरण विरुद्ध समाज निर्माण भएको हुने | | स्थानीय तहका सबै वडाहरुमा |
| ३. | जिल्ला भर | पर्चा , पम्पलेट, व्यानर तथा स्थानीय पत्रपत्रिका मार्फत अभियानको प्रचारप्रसार गर्ने | -जिल्ला प्रशासन कार्यालय<br>-जिल्ला प्रहरी कार्यालय | स्थानीय तहहरु, स्थानीय सञ्चारमाध्यम, NGOs, INGOs आमा समूह, युवा क्लब | २०७५ असार १५ गते सम्म | पालिकाहरुको वडा तह र विद्यालय, युवा क्लव , आमासमूह हरुको सहयोगमा समुदायस्तर सम्म मदिरा विरुद्धका पर्चा पम्पलेट जस्ता सामाग्री पुगी चेतनास्तर बृद्धि भएको हुने | | |
| ४ | जिल्ला भर | सरकारी निकाय, समुदाय र सरोकारवालाहरुको संयुक्त प्रयासबाट अवैध रुपमा उत्पादन गरिएको मदिराजन्य पदार्थ नष्ट गर्ने | -जिल्ला प्रहरी कार्यालय<br>-स्थानीय तहहरु | जिल्ला प्रहरी कार्यालय, स्थानीय तहहरु, आमा समूहहरु, युबा क्लबहरु | २०७५ असार महिनाभर<br><br>निरन्तर | अवैध रुपमा उत्पादन गरिएको मदिराजन्य पदार्थ नष्ट भइसकेका हुने | | |
| ५ | सबै न.पा/ गा.पा | मदिराजन्य पदार्थको अवैध उत्पादन, ओसारपसार र वेचविखन जस्ता क्रियाकलापकहरुको नियन्त्रणमा सघाउ पुऱ्याउन सवै स्थानीय तहमा दवाव समूह गठन गर्ने | -स्थानीय तहहरु<br>-जिल्ला प्रहरी कार्यालय | जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला प्रहरी कार्यालय | | स्थानीय तह, विद्यालयका शिक्षक, प्रहरी, स्थानीय युवा क्लवहरुको सहयोगमा दवाव समूहहरु गठन भइसकेको हुनेछन | | |

| क.सं | क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी | जोखिम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| ६ | जिल्ला भर | उपर्युक्त क्रियाकलापको अनुगमन गर्न संयन्त्र तयार गर्ने | -जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, गै.स.स. | २०७५ असार र सो पछि निरन्तर | जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा सरोकारवालाहरुको संलग्नतामा अनुगमन समिति गठन भै कार्य सूचारु गरेको हुने | | |
| ७ | जिल्ला भर | मदिरा विरुद्धको जनचेतना जगाउन आम संचारमाध्यमका सञ्चारकर्मीलाई अभिमूखिकरण गर्ने | -जिल्ला प्रहरी कार्यालय | पत्रकार महासंघ गै.स.स. महासंघ | जेठ १५ गतेसम्ममा | जिल्लाभित्र क्रियाशिल पत्रकारहरु /सञ्चारमाध्यमहरु मदिरा विरुद्धका क्रियाकलापहरुका वारेमा सूचना सम्प्रेषण गरिरहेका हुने | | |
| ८ | जिल्ला भर | मदिराजन्य पदार्थको अवैध उत्पादन, ओसारपसार र वेचविखन जस्ता क्रियाकलापकहरुको विरुद्धमा चेतनामूलक सामाग्री प्रचार प्रसार गर्ने | -पत्रकार महासंघ<br>-ग्रैह सरकारी संघ संस्थाहरु | जिल्ला प्रहरी कार्यालय, स्थानीय तहहरु | २०७५ साल जेठ महिना भित्र | उक्त अवधिमा समग्र जिल्लामा मदिराजन्य पदार्थको अवैध उत्पादन, ओसारपसार र वेचविखन जस्ता क्रियाकलापकहरुका विरुद्धको सचेतना अभिवृद्धि भएको हुने | | |
| ९ | जिल्ला भर | मदिराजन्य पदार्थको प्रयोगले पार्ने असर सम्बन्धी चेतनामुलक सामाग्री उत्पादन गर्न विभिन्न व्यक्ति तथा संस्थालाई प्रोत्साहन तथा सहयोग गर्ने | -जिल्ला प्रशासन कार्यालय,<br>-जिल्ला प्रहरी कार्यालय, | गै.स.स. महासंघ पर्वत गै.स.स.हरु | २०७५ असार सम्म त्यसपछि निरन्तर | मदिराजन्य पदार्थको प्रयोगले पार्ने असर सम्बन्धी चेतनामुलक सामाग्री उत्पादन गर्न विभिन्न व्यक्ति तथा संस्था उत्प्रेरित भएको हुने | | |
| १० | जिल्ला भर | मदिराजन्य पदार्थको अवैध उत्पादन, ओसारपसार र वेचविखन जस्ता क्रियाकलापकहरुको विरुद्धको अभियानमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कृत/प्रोत्साहित गर्ने | -जिल्ला प्रशासन कार्यालय पर्वत<br>-जिल्ला प्रहरी कार्यालय | स्थानीय तहहरु<br>आमा समूह<br>युवा क्लबहरु | | | | |
| ११ | जिल्ला भर | सूचना संयन्त्रको प्रयोग गरी मदिरा जन्य वस्तु विक्रेताको संजाल उपर कानूनी कारवाही गर्ने | -जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय,जिल्ला प्रहरी कार्यालय,सशस्त्र प्रहरी बल | श्रावण महिनाभित्र र निरन्तर | पक्राउ परेका मदिरा प्रयोगकर्ता,साधा पोशाकका सुरक्षाकर्मी र राष्ट्रिय अनुसन्धानका जनशक्तिबाट | | |

| क्र.सं | क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी | जोखिम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | रा.अ. वि. जिल्ला कार्यालय | | सूचना संकलन भै मदिरा कारोवारीहरु पक्राउ परेका हुने | | |
| १२ | जिल्ला भर | छिमेकी जिल्लाबाट भित्रिने मदिरा नियन्त्रण तथा जिल्ला बाहिर गई सेवन गरी फर्किनेहरुको नियन्त्रणको लागि मदिरा नियन्त्रणको चेकिङ व्यवस्था मिलाउने | -जिल्ला प्रहरी कार्यालय पर्वत | सशस्त्र प्रहरी बल, स्थानीय तहहरु | निरन्तर | चेकिङ भै पकाउ पर्ने डरले जिल्ला बाहिर गै सेवन गरी आउने घटेको हुने । | धवलागिरीको प्रवेशद्वारको रुपमा यस जिल्ला रहेकाले ओसार पसार हुनसक्ने | |
| १३ | जिल्ला भर | ब्रेथलाइजर चेकिङ गर्ने व्यवस्था मिलाउने | -जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्वत | -जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल | प्रत्येक हप्ता | मदिरा सेवनकर्ताको मात्रा न्यून हुँदै गएको हुने । | | |
| १४ | जिल्ला भर | मदिराको कारोवार र प्रयोग हुने विशेष स्थानहरु पहिचान गरी विशेष अभियान सञ्चालन गर्ने र त्यस्ता क्षेत्रहरुमा सचेततनामूलक क्रियाकलापहरु संचालन गर्ने | -जिल्ला प्रहरी कार्यालय र मातहतका इकाइ, | जिल्ला प्रशासन कार्यालय, स्थानीय तहहरु | पाक्षिक रुपमा | सचेतनामुलक क्रियाकलाप सञ्चालन भई साविक भन्दा सुधार भएको हुने | | |
| १५ | जिल्ला भर | होटेल, रेष्टुरेण्ट लगायतका कारोवार हुनसक्ने स्थानहरुमा सादा पोशाकमा सुरक्षाकर्मीको निगरानीको व्यवस्था गर्ने । मदिरा सेवन विरुद्ध काम गर्ने निकायहरुबीच समन्वय गरी सूचना संकलन गर्ने | जिल्ला प्रहरी कार्यालय सामुदायिक प्रहरी सेवा समाज | सशस्त्र प्रहरी बल, स्थानीय तहहरु, | आवश्यकता अनुसार निरन्तर | | | |
| १६ | जिल्ला भर | समुदायको सचेतिकरणको लागि श्रव्य, दृश्य सडक नाटक आयोजन गर्ने किशोर किशोरीहरुलाई लक्षित गरी विद्यालय सचेतना कार्यक्रम संचालन गर्ने | -जिल्ला प्रशासन कार्यालय, -शिक्षा विकास तथा समन्वय इकाइ शाखा -स्थानीय तहहरु | जिल्ला प्रहरी कार्यालय पर्वत जिल्ला जनस्वास्थ्य कार्यालय | पाक्षिक रुपमा स्थानीय तहका सामाजिक विकास शाखा (शिक्षा समिति)संगको समन्वयमा | कक्षा ९ देखी १२ सम्म अध्ययन गर्ने अधिकांश किशोर किशोरीहरु सचेत भएको हुने । | | |

| क.सं | क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धी | जोखिम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १७ | जिल्ला भर | पक्राउ परेका मदिरा सेवनकर्ता पुर्नस्थापना केन्द्रमा उपचाररत व्यक्तिहरुवाट सूचना संकलन गरी अभियान संचालन गर्ने | -जिल्ला प्रहरी कार्यालय | NGOs/INGOs,<br><br>सञ्चारमाध्यमहरु | निरन्तर | अवैध मदिरा कारोवारीहरु पक्राउ परी कानूनी कारवाहीको दायरामा आएका हुनेछन । | | |
| १८ | जिल्ला भर | छिमेकी जिल्लाका समकक्षीसँग अन्तरक्रिया र समन्वयात्मक बैठक गर्ने । | -जिल्ला प्रशासन कार्यालय<br>-जिल्ला प्रहरी कार्यालय<br>-सशस्त्र प्रहरी बल नेपाल | | त्रैमासिक रुपमा अनौपचारिक रुपमा समन्वय निरन्तर | -छिमेकी जिल्लाका समकक्षीसँग नियमित बैठक सम्पन्न भै मदिरा सेवन निषेध तथा कारोवारी पक्राउ गर्न सहयोग पुगेको हुनेछ | | |